परिवर्तनको लागि
# क्राईम अपरेशन
CRIME OPERATION साप्ताहिक

क्राईम अपरेशन साप्ताहिक पत्रिकाको इ-पेपर www.crimeoperation.net मा लगइन गरी हेर्न सम्पूर्ण महानुभावहरुमा हार्दिक अनुरोध गर्दछु ।
सम्पादक

❑ वर्ष ११ ❑ अंक ३३ २०७९ चैत १२ गते आईतवार Sunday 26, MAR 2023 ❑ पृष्ठ: ६, ❑ मूल्य रु. १०/-

## हुलाकी राजमार्ग निर्माण गर्ने पक्षलाई कारवाही गर्न माग अन्यथा सडक अवरोध गर्ने चतावनी

विराटनगर । नागरिक संघर्ष समिति कटहरी लगायत नेपाली कांग्रेस, एमाले, जसपा, नेकपा माओवादी केन्द्र कटहरी लगायतले हुलाकी राजमार्ग निर्माण गर्ने पक्षलाई तत्काल पक्राउ गरी कारवाही गर्न र हुलाकी सडक सुचारु गर्न ज्ञापनपत्र मार्फत माग गरेका छन् ।

मोरंगका प्रमुख जिल्ला अधिकारी तिर्थराज भट्टराईलाई ज्ञापनपत्र बुझाउँदै सो माग गरको हुन् । सो ज्ञापनपत्र मार्फत कटहरी गाउँपालिकाको जुड़ी खोला देखि सिंघिया खोला सम्मको भागमा हुलाकी सडक को निमार्ण कार्य तिन वर्ष देखि लगातार ठप्प रहेको ले र सो भागमा कटहरी गाउँपालिकाको पहलमा नै बजार एरिया लगायत उक्त भागमा पर्ने घर टहरा भत्काउन लगाई बजार क्षेत्र नै कुरुप बनाएको अवस्था बाट कटहरीका बासिंदा पिडित भएको उल्लेख छ ।



हुलाकी राजमार्गमा पर्ने कटहरी गाउँपालिकाको सडक खण्डको दुर्दशा । यस्तै दुर्दशा मोरंगको जहदा गाउँपालिका, सुनसर्वी नगरपालिका र रतुवामाई नगरपालिका भोगि रहेको छ । तस्वीर : मंजु शर्मा

त्यसैगरी हुलाकी राजमार्ग वरि परि बस्ने उक्त भागका नेपाली जनता विगत तिन बर्ष देखि सडक को धुलो खाएर विरामी भइरहेको ले हाम्रो स्वास्थयमा गम्भीर असर पर्ने भएको हुदाँ सो को जिम्मेवारी कसले लिने ? यसरी सडक भत्काएर पुल कल्भट समेत अलपत्र पारेर यो खण्डमा भइरहेको सडक दुर्घटनामा परि नेपाली जनताको ज्यान गरिरहेको छ त्यसको जिम्मेवारी कसले लिने ? वर्षो देखि कटहरी खण्ड तोडफोड गरी अलपत्र छोडेकोले र पुरानो नाला समेत भत्तकाएकोले गाउँको पानि

वांकी अन्तिम पेजमा...

## मन्त्रिपरिषद् सातौं पटक पनर्गठन तर अपुर्ण

विराटनगर । नेकपा (माओवादी केन्द्र) का अध्यक्ष पुष्पकमल दाहाल 'प्रचण्ड' नेतृत्वको मन्त्रिपरिषद् सातौंपटक पुनर्गठन भएको छ तर पनि अपुर्ण रहका छन् ।

तर, अझै पूर्णता पाउन सकेको छैन । शक्रवार खानेपानी मन्त्रीबाट अब्दुल खानले पदबाट राजीनामा दिएका छन् । उनी बाहिरिएसँगै १७ सदस्यीय मन्त्रिपरिषद् भएको छ । अब थप आठ जनाको नियुक्तिपछि मात्र मन्त्रिपरिषद्ले पूर्णता पाउनने छन् ।

शुक्रवार कांग्रेसका चार, नेकपा (एकीकृत समाजवादी)का दुई, जनता समाजवादी पार्टी (जसपा) का एक, लोकतान्त्रिक समाजवादी पार्टी ( लोसपा) का एक, नागरिक उन्मुक्तिका एक, माओवादी केन्द्रका एक र नेपाल समाजवादी पार्टीका एक गरी ११ जना मन्त्रि थपिएका छन् । उनीहरूले आजै पद तथा गोपनीयताको शपथ लिइसकेका छन् ।

विस्तारित मन्त्रिपरिषद्मा दोस्रो वरीयाता सहित नेपाली कांग्रेसका उपसभापति पूर्णबहादुर खड्का उपप्रधान तथा रक्षामन्त्री बनेका छन् । माओवादी केन्द्रका वरिष्ठ उपाध्यक्ष नारायणकाजी श्रेष्ठ तेस्रो वरीयतासहित उपप्रधान तथा गृहमन्त्री बनेका छन् । पुष्पकमल दाहाल 'प्रचण्ड' : प्रधानमन्त्री, स्वास्थ्य तथा जनसंख्या, पूर्णबहादुर खड्का : उप-प्रधान मन्त्री, रक्षा, नारायणकाजी श्रेष्ठ : उप प्रधानमन्त्री, गृह, डा. बेदुराम भुसाल : मन्त्री, कृषि तथा पशुपन्छी विकास, अशोककुमार राई : मन्त्री, शिक्षा, विज्ञान तथा प्रविधि बनेका छन् ।

त्यसैगरी शरतसिंह भण्डारी : मन्त्री, श्रम, रोजगार तथा सामाजिक सुरक्षा, डा. प्रकाशशरण महत : मन्त्री, अर्थ, महिन्द्र राय यादव : मन्त्री, महिला, बालबालिका तथा ज्येष्ठ नागरिक, शक्तिबहादुर बस्नेत : मन्त्री, ऊर्जा, जलस्रोत तथा सिंचाइ, रेखा शर्मा : मन्त्री, संचार तथा सूचना प्रविधि, सुदन किराती

वांकी अन्तिम पेजमा...

## राजस्व र रोजगारी सिर्जना हुने क्षेत्रमा खर्च गर्नुहोस : मुख्यमन्त्री कार्की

विराटनगर । कोशी प्रदेशका मुख्यमन्त्री हिक्मतकुमार कार्कीले आगमी आर्थिक वर्षको बजेट तर्जुमा गर्दा रोजगारी सिर्जना गर्ने, राजस्व वृद्धि हुने र सौन्दर्य करण हुने योजना तर्फ ध्यान दिन स्थानीय तहका जनप्रतिनिधिहरुलाई निर्देशन गर्नु भएको छ ।

मङ्गलबार गाउँपालिका राष्ट्रिय महासंघ नेपालको कोशी प्रदेशको दोस्रो अधिवेशनको उद्घाटन गर्दै सो कुरा बताउनु भएको हो । मुख्य मन्त्री कार्कीले पहुँचका आधारमा विकासको बजेटलाई जथाभावी रुपमा सडक, पुल र भवन जस्ता अनुत्पादक क्षेत्रमाखर्च गर्न नहुने बताउनु भयो । अहिलेकै गतिमा सडक, पुल र भवन निर्माणमा बजेट खर्च गर्दै जाने हो भने आगमी तीन वर्षमा तिनको मर्मत सम्भारका लागि बजेटको आकारलाई दोब्बर बनाउनु पर्ने अवस्था रहेको प्रस्ट प्रष्ट पार ेका थिए ।

पुँजीगत खर्च गर्दा सङ्घीय र प्रदेश सरकार भन्दा पनि स्थानीय सरकार बढी जिम्मेवार हुनुपर्ने तर्फ सचेत गराउँदै जनतामा वितृष्ण बढाउने किसिमका किसिमका योजना मा लगानीन गर्न आग्रह गर्नुभयो । उहाँले गोरुगाडा देखि गुन्द्रुक बिक्री गर्ने सम्मलाई करको दायरामा ल्याएको विगतको अभ्यास रहेको स्मरण गराउँदै लोकप्रियताका नाममा कर छुट दिने र वृद्धि गर्ने भन्दा पनि दायरा बढाउने तर्फ ध्यान दिनुपर्ने वताए ।

अहिलेको बजेटबाट धेरै काम गर्न नसकेपनि स्थानीयतह लाई बलियो बनाउने र स्थानीयतहसँग समन्वय गरेर काम गर्ने कुरामा प्रदेश सरकार तयार रहेको उहाँको भनाइ थियो ।

'गाउँपालिकाहरुलाई एक भन्दा पनि दुई वा सो भन्दा बढी पालिका सहभागि हुने सामुहिक योजना निर्माणमा ध्यानदिनुहोस, त्यस्ता सामुहिक

वांकी अन्तिम पेजमा...


### डिभिजन वन कार्यालय मोरंगको वन डढेलो नियन्त्रण सम्बन्धी सूचना ।

यस वर्षको सुख्खा मौसमको सुरुवात हुन लागि रहेको छ । वनलाई डढेलोबाट जोगाउन सम्वन्धित सबै सरोकारबाला, सर्व साधारणमा निम्नानुसारका सावधानी अपनाउनु हुन अनुरोध छ ।

१. कृपया सलाई, लाइटर जस्ता आगो उत्पन्न गर्ने वस्तुहरु वन क्षेत्रमा जथाभावी प्रयोग नगरौं ।
२. वन क्षेत्र नजिक आगो नबालों, आगो बालेको भए निभाएर मात्र छाडौं ।
३. वनमा डढेलो लागेको थाहा पाउना साथ नजिकका वन कार्यालय, प्रहरी, स्थानीय तह तथा वन उपभोक्ता समूहहरुलाई सूचना दिऔं ।
४. डढेलो लागेको थाहा पाएमा आवश्यक सहयोग जुटाई नियन्त्रण गरौं ।
५. वन डढेलो लगाउने व्यक्तिहरुलाई पहिचान गरी कानूनी दण्ड सजाय गराउने कार्यमा सहयोग गरौं ।

डिभिजन वन कार्यालय मोरंग
कोशी प्रदेश
सम्पर्क : ९८५२०२६६१४, ९८५२०८१११०

SUKRATARA FURNITURE UDYOG
BIRATNAGAR
9842033365
9805391277
Chattdev007@gmail.com




All types of Fabrication, Furniture, Prefab, Truss are available.

## मन्त्रिपरिषद्...

: मन्त्री, संस्कृति, पर्यटन तथा नागरिक उड्डयन, अमनलाल मोदी : मन्त्री, सघीय मामिला तथा सामान्य प्रशासन, प्रकाश ज्वाला : मन्त्री, भौतिक पूर्वाधार तथा यातायात, रञ्जिता श्रेष्ठ : मन्त्री, भूमि व्यवस्था, सहकारी तथा गरिबी निवारण, रमेश रिजाल : मन्त्री, उद्योग, वाणिज्य तथा आपूर्ति, सिता गुरुङ : मन्त्री, सहरी विकास र सुशिला सिर्पाली ठकुरी : राज्यमन्त्री, संस्कृति, पर्यटन तथा नागरिक उड्डयन रहेका छन् ।

## प्रतिबन्धित...

निकासको लागि नायाँ नाला अफ निमार्ण नभई सकेकोले बर्षा याममा कठहरी - १,२,३ र ४ वडा डुवान भइरहेकोले यसको उत्तरदाइत्व कसले वहन गर्ने ? जस्ता महत्तवपुर्ण सवालहरु ज्ञापनपत्रमा उठाएका छन् ।

यथासिघ्र हुलाकी सडकको काम द्रुत गतिमा सुरु भएन भने बाध्य भएर उक्त खण्डको सडकमा ढाट लगाएर कटहरीका जनता न्याय खोजन बाध्य हुने छ । समयमै समस्या समाधान भएन भने कटहरीका आम जनताहरु बाध्य भएर हुलाकी राजमार्ग कटहरी खण्ड बन्द गर्ने सार्वजनिक नागरिक संघर्ष समितका संयोजक मृत्युन्जय कुमार झा लगायत द्वारा हस्ताक्षरीत ज्ञापनपत्रमा उल्लेख छन् ।

## राजस्व...

योजनामा प्रदेश सरकारको प्राथमिकता रहने छ ।'

उहाँले मुलुक सङ्घेीयतामा गएसँग विकास निर्माणको कामले गति लिएको स्मरण गराउँदै सङ्घीय सरकारले २० वर्षमा गर्न नसकेको विकासको कामप्रदेश सरकारले पाँचवर्षको अवधिमा गरेको तथ्याङ्क प्रस्तुत गर्नुभएको थियो ।

यो धुम्रपानको आदत सजिलो तरीकाले कहाँ छुट छ, पहिले सिग्रेट हामी फुक्छौ, फेरी सिग्रेट हामीलाई फुकि हाल्छ ।

# वार्तटोली र मिटरब्याज विरुद्धको संघर्ष समिति बीच सहमती



बिराटनगर । सरकारी वार्ता टोली र मिटरव्याज विरुद्धको संघर्ष समिति, नेपालबीच शनिबार सहमति भएको छ । पाँच बुँदे सहमतिसँगै मिटरव्याज विरुद्धको संघर्ष समिति, नेपालले गर्दै आएका आन्दोलनका सम्पूर्ण कार्यक्रमहरु फिर्ता लिने सहमति भएको छ ।

सहमतिमा मिटरव्याज अपराध नियन्त्रण सिफारिस कार्यदलको २०७२ भाद्र २७ को प्रतिवेदनमा उल्लिखित सिफारिसहरु शीघ्र एवं प्रभावकारी कार्यान्वयनको लागि सम्बद्ध निकायसँग आवश्यक समन्वय र सहजीकरण गर्ने भनिएको छ । त्यस्तै नेपाल सरकार, मन्त्रि परिषद्को पहिलो बैठकबाट जाँचबुझ आयोग ऐन, २०२६ बमोजिमको आयोग गठन गर्न नेपाल सरकार समक्ष सिफारिस गर्ने भनिएको छ ।

सहमती भएका बुढाहरु

१. मिटरव्याज अपराध नियन्त्रण सिफारिस कार्यदलको मिति २०७२ भाद्र २७ को प्रतिवेदनमा उल्लिखित सिफारिसहरु शीघ्र एवं प्रभावकारी कार्यान्वयनको लागि सम्बद्ध निकायसँग आवश्यक समन्वय र सहजीकरण गर्ने।

२. मिटरव्याजीहरुले निरक्षर, गरिब तथा आर्थिक रुपले अप्ठ्यारो परिस्थितिमा रहेका व्यक्तिहरूसँग उच्च ब्याजदरमा ऋण असुल्ने, वास्तविक लेनदेनभन्दा बढीको तमसुक र कागजात बनाउने, ऋणीको जायजेथा आफ्नो कब्जामा लिने तथा ऋणको दुष्चक्रमा फसाई बिभिन्न ढंगले शोषण समेत गर्ने गरेको गुनासो रहेकोले मिटरव्याज पीडितका समस्या सम्बोधनको लागि यो सहमति भए पश्चात बस्ने नेपाल सरकार, मन्त्रि परिषद्को पहिलो बैठकबाट जाँचबुझ आयोग ऐन, २०२६ बमोजिमको आयोग गठन गर्न नेपाल सरकार समक्ष सिफारिस गर्ने ।

३. मिटरव्याज पीडितका नियमित रुपमा आउने उजुरी र गुनासोलाई सम्बोधनको लागि प्रमुख जिल्ला अधिकारीको संयोजकत्वमा जिल्लास्थित नेपाल प्रहरी, सरकारी वकिल, मालपोत, नापी कार्यालयका प्रमुख, बैंक तथा वित्तीय संस्थाका प्रतिनिधि र मिटरव्याज पीडितको प्रतिनिधि समेत रहने गरी जिल्लास्तरीय समन्वयरसहजीकरण समिति गठन गर्न नेपाल सरकार समक्ष सिफारिस गर्ने । उक्त समितिले बुँदा नं. २ बमोजिम गठन हुने आयोगको कामलाई सहयोग र सहजीकरण गर्ने, पीडितबाट उजुरी तथा गुनासो संकलन गर्ने, प्रमाण जुटाउन सहयोग गर्ने, निःशुल्क कानूनी सहायता तथा सचेतनाको लागि सहजीकरण गर्ने ।

४. अनुचित लेनदेन (मिटरव्याज) सम्बन्धी कार्यलाई कसुर कायम गर्ने गरी सम्बन्धित कानूनमा संशोधन प्रक्रिया अगाडि बढेकोले उक्त संशोधन प्रक्रियालाई शीघ्र निष्कर्षमा पुन्याउन नेपाल सरकारलाई अनुरोध गर्ने ।

५. बुँदा नं. २ बमोजिमको आयोग गठनको निर्णय भएसँगै मिटरब्याज विरुद्धको संघर्ष समिति, नेपालले गर्दै आएका आन्दोलनका सम्पूर्ण कार्यक्रमहरु फिर्ता लिने ।

# मन्त्रिपरीषद् बैठकवाट पाँच बुद्धे निर्णय पारीत

बिराटनगर । कोशी प्रदेश सरकारको २५ औं मन्त्रिपरीषद को बैठक सोवार वसी ५ बुद्धे निर्णय सार्वजनिक गरेका छन् ।

निर्णयहरु यस प्रकार रहेका छन्

१. प्रदेश प्रशिक्षण प्रतिष्ठान, कलवल्गुडी झापा को निर्देशक पद रिक्तभएको हुँदाअर्को ब्यवस्थानहुन्जेल सम्मकालागिनिर्देशकका रुपमाप्रदेश सचिव कृष्ण सापकोटा लाई तोक्ने,

२. पर्यटन, वनवातावरण मन्त्रालयद्वारा पेश गरिएको देहायबमोजिमकादुईवटा संसोधन विधेयकलाई प्रदेश सभामा पेश गर्न स्वीकृतिप्रदान गर्ने

(क) प्रदेशवातावरण संरक्षण ऐन २०७६

(ख) प्रदेशवन ऐन २०७७

३. आर्थिक मामिला तथा योजना मन्त्रालयद्वारा पेश गरिएको समपुरक अनुदान कार्यविधि संसोधन प्रस्ताव पारित गर्ने,

४. प्रदेशनामाकरणमा भुमिका खेल्ने प्रदेश सभा सभामुख, उपसभामुख, प्रदेश सभा सदस्यहरु, प्रदेश सभा सचिवालय, प्रदेश सभामाउपस्थित सम्पुर्ण राजनीतिकदलहरु लाई धन्यवाद ज्ञापन गर्दै कोशीप्रदेशवासीलाई हार्दिक बधाई ज्ञापन गर्ने,

५. कोशीप्रदेश नामकरणका सम्बन्धमा चैत्र ५, २०७९ मा बिराटनगरमा भएको विरोध कार्यक्रममा सहभागिभई चैत १० गते पदमलिम्बु (लाजेहाङ) को दुखद निधन प्रति गहिरो दुःख ब्यक्त गर्दै मृतक पदमलिम्बू प्रति हार्दिक श्रदाञ्जली एवं परिवार जनमा गहिरो दुःख एवम हार्दिक समवेदना प्रकट गर्दछ । तत्काल राहत स्वरुप मृतकका परिवारलाई रु तीन लाख उपलब्ध गराउने र यस सम्बन्धमा नेपाल सरकारद्वारा गठित छानवीन समितिलाई सहजीकरण गर्ने निर्णय गरेका छन् ।

बेटा बेटीके बीचमे विभेद नय करू दोनोके स्कुल भेजु ।

**पानीजन्य रोग र सरसफाइको कमजोरअवस्थाबाट बच्न निम्न क्रियाकलाप अवलम्बन गर्न हार्दिक अनुरोध गर्दछौं ।**

- सुरक्षित पानी पिऊ यदि सुरक्षित नलागेमा पानी शुद्धीकरणका घरेलु विधि : उमाल्ने, क्लोरिन गर्ने, फिल्टरिङ गर्ने आदि विधि प्रयोग गरी मात्र पानी पिऊ ।
- चर्पीको नियमित प्रयोग गरौ, गराऔं र चर्मी नियमित सफा राखौं ।
- ताजा, सफा र राम्ररी पकाएरका खानेकुरा खाऔं ।
- दिसा गएपछि, बच्चाको दिसा धोएपछि खाना पकाउनु खानु अगाडि र खाना खाएपछि फोहोर छोएपछि साबुन पानीले हात धौऔं एवं धुन लगाऔं ।
- खोक्दा, हाछ्यू गर्दा कुहिनाले वा टिस्यु पेपरले नाक, मुख छोपौं, आवश्यक रुपमा नाक मुख, आँखा वा अनुहारलार्य हातले नछोऔं ।
- कुहिने तथा नकुहिने फोहोरलाई बर्गीकरण गरी उचित रुपमा व्यवस्थापन गरौं । घर वरपर जथाभावी पानी र फोहोर जम्न नदिऔं । खाने पानीका स्रोत पोखरी, ताल, तलैया, नदी, समुदायिक वातावरण सफा राखौं ।

खानेपानी तथा ढल व्यवस्थापन विभाग
संघीय खानेपानी तथा ढल व्यवस्थापन आयोजना
बिराटनगर, मोरंग, कोशी प्रदेश

- सूचना प्राप्तगर्दा आधिकारिक माध्यमबाट प्राप्त गरौं ।
-भ्रमपूर्ण र मिथ्या सूचना बाट भ्रमित नहोऔं ।
- सूचना प्रवाह गर्दा तथ्य जाँच गरी सही सूचना प्रवाह गरौं ।
- अनाधिकृत रुपमा सूचना प्रयोग नगरौं ।

नेपाल सरकार
विज्ञापन बोर्ड

मिति: कार्तिक २७, २०७९ (आइतबार)
समय : बिहान ९ बजेदेखि दिउँसो १ बजेसम्म ।

निःसंतान
दम्पतिहरुको लागि निःशुल्क जाँच शिविर

स्थान:
सुरक्षा अस्पताल प्रा. लि.
शहिद मार्ग (विरेन्द्र सभागृह अगाडि), विराटनगर-७, मोरङ, नेपाल ।

नाम दर्ता गर्नको लागि निम्न नम्बरहरुमा सम्पर्क गर्नुहोस्:
977 9802782609 / +91 9733801237



Available Doctors :

Dr. Prasenjit Kumar Roy
Infertility Expert
MBBS, MS(O&G), FELLOWSHIP IN REPRODUCTIVE ENDOCRINOLOGY & INFERTILITY(TEL-AVIV UNIVERSITY, ISRAEL)

Dr. Shefali Bansal Madhav
Infertility Expert
MBBS, MD (OBS & GYN), PGI, FELLOWSHIP IN REPRODUCTIVE MEDICINE & INFERTILITY, ICOG, FOGSIT

डा. रम्भा देव
MBBS, MD
CONSULTANT OBSTETRICIAN & GYNECOLOGIST
NMC No. 5581

डा निकिता ढकाल
MBBS, MD
OBSTETRICIAN & GYNECOLOGIST
IVF SPECIALIST
NMC No. 7391

डा. सोमा गुप्ता
MBBS, MD
OBSTETRICIAN & GYNECOLOGIST
NMC No. 11179

सुरक्षा अस्पताल (प्रा.) लि.
SURAKSHA ASPATAL (Pvt.) Ltd.
Sahid Marg, Biratnagar-7, Morang, Nepal. +977-21-576941, 9802782609
Email: info@surakshahospital.com.np, URL:www.surakshahospital.com.np

NewLife Fertility Centre
+91 7407400444
www.newlifefertilityclinic.com
2nd Floor Homeland Business Centre, 2nd Mile, Sevoke Road, Siliguri

परिवर्तनको लागि क्राईम अपरेशन CRIME OPERATION साप्ताहिक

प्रवन्ध निर्देशक : हिरालाल साह ९८४२२०५८१६ सम्पादक/प्रकाशक : श्याम सुन्दर सुतिहार ९८४२०२७१४२,९८०७३५२२१३ कार्यालय बिराटनगर-११ कम्प्युटर लेआउट:विजय कु.मण्डल मुद्रक:बाबा प्रिण्टर्स अफसेट प्रेस, बिराटनगर-७ इमेल:crimeopration@gmail.com

## सम्पादकीय

### सहमतीको पालना गरौं

*नेपाल सरकार र संर्घषरत पक्षसंग सयौं सहमतीहरु भएका उदाहरणहरु छन् । ती मध्ये केही सहमतीहरु पलना गरको छन भने धेरैजसो सहमतीहरु पलना गरको उदाहरणहरु धेरै छन् । खास गरी मधेशी राजनीतिक दल र नेपाल पिछडावर्ग (ओविसी) संग गरिएको धेरै सहमतीहरुको पालना नेपाल सरकारलेगरको छनै । पछिलो सहमतीको रुपमा नेपाल सरकारको वार्ता टोली र मिटरव्याज विरुद्धको संघर्ष समिति, नेपालबीच शनिबार सहमति भएको छ । पाँच वुद्धे सहमती पछि आन्दोलनका सवै कार्यक्रमहरु फिर्ता भएको छ । सहमतीको पालना अक्षरस गर्नु नेपाल सरकारको दायित्व हो । सहमती अनुसार कानुन वनाएर मिटर व्याजीहरुलाई न्याय दिलाउनु पर्छ ।*

*मिटरब्याजीहरुले निरक्षर, गरिब तथा आर्थिक रुपले अप्ठ्यारो परिस्थितिमा रहेका व्यक्तिहरूसँग उच्च ब्याजदरमा ऋण असुल्ने, वास्तविक लेनदेनभन्दा बढीको तमसुक र कागजात बनाउने, ऋणीको जायजेथा आफ्नो कब्जामा लिने तथा ऋणको दुष्चक्रमा फसाई विभिन्न ढंगले शोषण समेत गर्ने गरेको गुनासो रहेकोले मिटरव्याज पीडितका समस्या सम्बोधनको लागि नेपाल सरकार, मन्त्रिपरिषद्को पहिलो बैठकबाट जाँचबुझ आयोग ऐन, २०२६ बमोजिमको आयोग गठन गर्न सिफारीस गर्ने लगायतको सहमती यथासिघ्र लागु गर्नु पर्दछ ।*

*सिघा साधा जनतालाई पिडित वनाउने मिटर व्याजीहरु समस्याहरुलाई निराकरण गर्ने मात्र नभई अगामी दिनमा अगामी दिनमा आम नेपाली जताले मिटर व्याजमा पैसा लिन नपरोस गरी वातावरण वनाउन जरुरी छ । जसको लागि विना धितो ऋणको व्यवस्था, बैकवाट ऋण लिदा अनावश्यक झण्झट र बैक भित्र पनि कमीसन, नेपाल सरकारको जागिरे र नियमित आन्दानी आउनेलाईमात्र वैकले ऋण दिने जस्ता परीपाटीहरु हटाउन नियम वनाउनु पर्छ । गरीव तथा निमुखा वर्गलाई आईपरेको वेला गर्जो टार्ने उपायहरुको अवलम्वन गर्नु जरुरी छ । अन्यथा हाती हायो हाती फूस्सा हुन्छ ।*

## साप्ताहिक राशिफल

**मेष (चु,चे,चो,ला,लि,लु,ले,लो,अ) : दम्पतिमा घरायसी विषयलाई लिएर वादविवाद बढेर असमझदारी वढ्ने सम्भावन छ । मनोरञ्जन र भ्रमणको योग छ ।**

**वृष (इ,उ,ए,ओ,वा,वि,वु,वे,वो) : वाणीको प्रभावले महत्वपुर्ण काम बन्ने छ भने मनोरञ्जन एवम अध्ययन भ्रमणको समेत अवसर मिल्ने योग छ ।**

**मिथुन (क,कि,कु,घ,ङ,छ,के,को,ह)** : युवा वर्गका लाीगि रमाइलो वातावरणको  अवसर मिल्ने छ । इष्टमित्रका सहयोगले महत्वपुर्ण काम बन्ने ।

**कर्कट (हि,हु,हे,हो,डा,डि,डु,डे,डो)** : युवावर्गका लाीग मनोरञ्जन एवं प्रेम प्रसङ्गमा रमाउने योग रहनुका साथै कतै भ्रमणमा जाने योग छ ।

**सिंह (मा,मि,मु,मे,मो,टा,टि,टु,टे)** : उच्च मनोवल रहनाले महत्वपूर्ण काममा सफलता मिल्ने छ । भने वादविवादमा समेत जित तपाईंकै हुने छ ।

**कन्या (टो,प,पी,पू,ष,ण,ठ,पे,पो)** : घरायसी र पारिवारीक विषयले चिन्ता बढाउने छन । बौद्धिक क्षेत्रका काममा सफलता मिल्ने योग रहेको छ ।

**तुला (रा,री,रु,रे,रो,ता,ती,तु,ते)** :भोग विलासका सामग्री हरुको किनमेलमा पैसा खर्च गराउला । काममा विघ्न वाधाहरु आउन सक्नेछन ।

**वृश्चिक (तो,ना,नि,नू,ने,नो,या,यि,यू) : बुद्धिको प्रभावले ठुला–ठुला समस्या** हरुमा समाधान निकाल्नलाई योग छ । मित्रहरको सहयोग राम्रो रहने छ ।

**धनु (यो,भा,भी,भू,ध,फा,ढ,भे)** : धार्मिककाममा महत्वपूर्ण सहभागिता जनाउनुपर्दछ । व्यापारीवर्गका लागि मनग्गे आमदानीको योग छ ।

**मकर (भो,जा,जी,जू,जे,ख,खि,खू,खे,गा,गी)** : धार्मिक उव समाजिक काममा मान स्म्मान मिल्ने योग छ । महीनाको उत्तराधएमा सामान्यवादविवादमा समेत तान्ने छ ।

**कुम्भ** (गु,गे,गो,सा,सी,सु,से,सो,द) :**सानो तिनो चोटपटकको सम्भावना रहेकाले सतर्कता अपनाउनु होला । भाग्यले राम्रै साथ दिनाले सफलता मिल्नेछ ।**

**मीन (दी,दु,थ,झ,ञ,दे,दो,च,ची)** : उच्च मनोवल रहनाले महत्वपूर्ण काममा सफलता मिल्ने छ । भने वादविवादमा समेत जित तपाईंकै हुने छ ।

# समानुपाति चुनाव प्रणालीमा सुधारको आवश्यकता

**रामनारायण देव**

संसदीय लोकतन्त्र विश्वको सबैभन्दा राम्रो लोकतान्त्रिक व्यवस्था मानिन्छ । यसमा बढीभन्दा बढी जनप्रतिनिधित्वको अवसर हुन्छ । प्रतिनिधित्वका लागि सामान्यत: तीनवटा विधि अपनाइन्छ । एउटा प्रत्यक्ष निर्वाचन जसमा सबभन्दा बढी मत ल्याउने विजयी हुन्छन् । अर्को मनोनयन पद्धति जो राष्ट्र प्रमुखद्वारा सरकारको सिफारिसमा मनोनीत गरेर चयन गरिन्छ । तेस्रो, समानुपातिक पद्धति। समानुपातिक पद्धतिको विकास पनि १९ औं शताब्दीदेखि नै भएको देखिन्छ ।

सबै वर्ग र समुदायको प्रतिनिधित्व सुनिश्चित गर्न समानुपातिक प्रतिनिधित्वको पद्धति वैज्ञानिक मानिन्छ । यसको सुरु सन् १८४८ मा स्विट्जरल्यान्डबाट भएको थियो । त्यसपछि अरु देशले पनि यो पद्धति अपनाए ।

समानुपातिक प्रतिनिधित्व पद्धतिअन्तर्गत कम्तीमा दुईवटा प्रमुख प्रणालीको विकास भएको छ । एउटा एकल संक्रमणीय मत प्रणाली र अर्को सूची प्रणाली । दुवै पद्धतिको मुख्य उद्देश्य सबै वर्ग र समुदायको अधिकतम न्यायोचित प्रतिनिधित्व गराउनु हो । तर, समानुपातिक प्रतिनिधित्वको पद्धति सबै अवस्थामा सफल र उपयोगी भने हुन सक्दैन । यस पद्धतिको सफलता र असफलता निर्वाचन क्षेत्र निर्धारण पद्धति र निर्वाचन पद्धतिमा निर्भर हुन्छ ।

**निर्वाचन क्षेत्र निर्धारण पद्धति**

यो निर्वाचन क्षेत्र निर्धारण गर्ने विधिलाई प्रचलनको हिसाबले दुई भागमा विभाजन गर्न सकिन्छ । एउटा एकल सदस्यीय निर्वाचन क्षेत्र विधि र अर्को बहुसदस्यीय निर्वाचन क्षेत्र विधि । पहिलो विधिअन्तर्गत राज्यलाई क्षेत्र, जनसंख्या, वर्ग र समुदाय आदिको आधारमा विभिन्न निर्वाचन क्षेत्रमा विभाजन गरिन्छ र प्रत्येक निर्वाचन क्षेत्रबाट एकजना प्रतिनिधि छानिन्छ ।

दोस्रो विधिमा सिङ्गो राष्ट्रलाई एउटा निर्वाचन क्षेत्र मानिन्छ र मतदाताहरुले विभिन्न राजनीतिक दल, वर्ग, समुदाय आदिको सूचीमा मत हाल्छन् । यो विधिअन्तर्गत एक जना मतदाताले एकभन्दा बढी मत दिन पनि पाउँछ । यस विधिमा बहुसंख्यक अल्पसंख्यक सबैको समानुपातिकरुपमा प्रतिनिधित्व हुन सक्छ भन्ने मान्यता राखिन्छ ।

समानुपातिक प्रतिनिधित्व पद्धतिको लागि उपयुक्त विधि पनि यसैलाई मानिन्छ । समानुपातिक प्रतिनिधित्व प्रणालीले एक सदस्यीय निर्वाचन क्षेत्र विधिमा राम्रो कार्य गर्न नसक्ने हुँदा यसका लागि बहुसूची प्रणाली नै उपयुक्त हुने विज्ञहरुको मत छ ।

सूचीमा आधारित समानुपातिक निर्वाचनमा तलमा कुराहरुमा विशेष ध्यान दिनुपर्ने हुन्छ । जस्तै निर्वाचित हुनका लागि दलले ल्याउनुपर्ने न्यूनतम मत प्रतिशतको सीमा (थ्रेस होल्ड)कति हुने ? अहिलेको विधानअनुसार कम्तीमा ३ प्रतिशत थ्रेसहोल्ड पार गर्न सक्ने दलले त्यहीअनुसार समानुपातिक संख्या पाउँछ ।

उम्मेदवारको सूची बन्दको बारेमा पनि विधि अपनाइएको छ । बन्द सूची भनेको दलले चुनावभन्दा पहिले नै उम्मेदवार हरुको सूची प्रकाशित गर्नुपर्ने र त्यसमा पछि थपघट गर्न नपाइने व्यवस्था हो । अर्को खुला सूची पनि हुन्छ जस अनुसार दलहरुले चुनावपछि आफूले पाएको मत प्रतिशतको अनुपातमा निर्वाचित हुने आफ्ना उम्मेदवारहरुको नाम तोक्न पाउने व्यवस्था हुन्छ । तर नेपालमा बन्दसूचीकै विधिअनुसार समानुपातिक प्रतिनिधित्व छान्ने गरिन्छ ।

नेपालमा भने समानुपातिक पद्धतिको राजनीतिक दलहरुले दुरुपयोग गरिरहेका छन् । कुन वर्ग, जाति र समूहलाई समानुपातिक पद्धतिमा प्राथमिकता दिनुपर्छ भन्नेमा कुनै वास्ता नगरी दलपतिहरुले आआफ्ना गुट, नातेदार, छोराछोरी र पत्नीहरुलाई प्राथमिकतामा राखी बन्दसूचीमा राख्नेगरेका छन् । विसं २०६३ को अन्तरिम संविधानपछि २०६४ सालमा भएको संविधान सभाको चुनावमा अधिकांश टाठाबाठा र धनीमानी व्यक्तिहरुमात्र समानुपातिकबाट सभासद् भएका थिए । महिलाको कोटामा त निरक्षर महिलालाई ल्याएर भर्तीकेन्द्र बनाइएको थियो । महिला उम्मेदवार कम्तीमा साक्षर तथा राजनीतिक चेतना भएको हुनुपर्छ । महिलाको नाममा ३३ प्रतिशत कोटा पुऱ्याएरमात्र हुँदैन ।

सबै राष्ट्रिय पार्टीका नेताले समानुपातिक सांसदको रुपमा आआफ्ना पत्नी, छोरा, आफन्त, गुट समर्थक र परिवारका मानिसहरुलाई ल्याएर समानुपातिक विधि र पद्धतिकै बदनाम गरे । पार्टीमा पनि अल्पसंख्यक, दलित तथा कुनै अवसर नपाएका पीडित कार्यकर्तालाई प्राथमिकता दिइनुपर्थ्यो । तर त्यसविपरीत नेताका परिवार जनलाई प्राथमिकता दिई यसको उद्देश्यकै उपहास गरिएको छ । समानुपातिक पद्धति जुन वर्ग, समूह र सीमान्तकृत नागरिक हरुको लागि आएको त्यो त्यही लक्षित समूह र समुदायले पाउनुपर्छ । पार्टी नेतृत्वले यसरी समानुपातिक पद्धतिको दुरुपयोग गर्दै गए जनआक्रोशको सामना गर्नुपर्नेछ ।

समानुपातिक पद्धति लागु गर्नुभन्दा अघि राज्यले नेपालका सबै क्षेत्र, समूह, वर्ग र जातजातिको समाजशास्त्रीय अध्ययन गर्नुपर्थ्यो । तर, त्यसो नगरी हचुवाको भरमा सुरु गरिएको छ ।

यसबाट विपन्न वर्ग र समूह वञ्चितीकरणमा परेका छन् भने हुनेखाने सम्पन्न, शिक्षित, टाठावाठा र नेतृत्वसम्म पहुँच हुनेहरु लाभान्वित भइरहेका छन् । जीवनमा कहिले पनि अवसर नपाएका तथा महँगो र खर्चिलो चुनाव लड्न नसकेका बौद्धिक वर्गलाई पनि प्राथमिकता दिनुपर्छ । राजनीतिक पार्टीका नेताहरुलाई शुभलाभ पुऱ्याउनेहरु मात्रले अवसर पाउने हो भने यसको के औचित्य ?

राजनीतिमा पटकपटक सांसद, मन्त्री र उच्च राजनीतिक पद प्राप्त गरिसकेका व्यक्ति हरुलाई समानुपातिक विधिद्वारा सांसद बनाई आफू सुरक्षित र शक्ति सम्पन्न हुनु खोज्नु लज्जाको विषय हो ।

नेतृत्वले समानुपातिक पद्धति अवसरबाट वञ्चितहरुका लागि अपनाइएको हो भनी भाषण फलाक्दैमा यसको मर्म र उद्देश्य प्राप्त हुन सक्दैन । हाल देखिएको विकृतिलाई हटाई लक्षित वर्गका लागि उपयोग गरिएमात्र यसको उपादेयता प्रमाणित हुन्छ ।

तराई क्षेत्रमा समानुपातिक बाट हुनेखाने, सम्पन्न, उच्च जातिहरुले नै फाइदा पाउँदै आएका छन् । तराईका दलित, अल्पसंख्यक, सीमान्तकृतहरु यसबाट पनि वञ्चित नै हुनेगरेका छन् ।

तराईमधेस आधारित राजनीतिक पार्टीहरुले आआफ्ना पार्टीमा पनि ती दलित, सीमान्तकृतहरुलाई समावेश गरेका छैनन् । उनीहरू नेतृत्व तहमा पुग्नु त दिवा:स्वप्नजस्तै भएको छ । मधेसवादी दलहरुको त संरचना नै असमावेशी छ ।

तल्लो वर्गलाई समेट्नु पर्ने महसुसै गरिएको छैन । मधेस आन्दोलनबाट शक्तिमा आएका माथिल्लो जातिका नेताहरुनै नेतृत्व पंक्तिमा छन् ।

समानुपातिक पद्धतिबाट छानिने प्रक्रिया पनि अवैज्ञानिक र असमावेशी छ । वर्तमान संसद्को प्रतिनिधि सभामा २७५ जना सांसद छन् । त्यसमध्ये ११० जना अर्थात् ४० प्रतिशत समानुपातिकतफर्का हुन्छन् ।

वांकी ५ पेजमा...

## केही महत्व पूर्ण टेलिफोन नम्बरहरु

**दमकल**

बिराटनगर बारुणयन्त्र ४२००००
इटहरी बारुणयन्त्र ५८०१०१
धरान बारुणयन्त्र ५२०१९९
इनरुवा बारुणयन्त्र ५६०१०१
दमक बारुणयन्त्र ०२३-५८०१०१
भद्रपुर बारुणयन्त्र ०२३-५२०१०१

**एम्बुलेन्स सेवा**

जिविस मोरङ ५३६३५३
नेरेसो रंगेली ५८००४८
बिराटनगर उपमनपा ५२२२३६

**अस्पताल**

कोशी अ.अ.इमरजेन्सी ५२४२३४
रंगेली अस्पताल ५८००४८
आँखा अस्पताल ५२३७०६
सुरक्षा अस्पताल प्रा.लि.
०२१-५३६९४१, ५२२८७७
एम्बुलेन्स ९८०२७५३७१७,
९८०२७५३७०६

**प्रहरी**

पूर्वाञ्चल क्षे.प्र.कार्यालय
०२१-४३५००१
जिल्ला प्रहरी कार्यालय
५३०३५८, ५२३९०१,१००
नगर प्र.का.. बिराटनगर
५२१८५०, ५३०३६७, ११०,
इ.प्र.का. रंगेली
८०१००८०१३०
इ.प्र.का. उर्लाबारी
०२१-५४०००२
सिमा प्रहरी चौकी
०२१-४३५८४०

## संयुक्त भीड नियन्त्रण अभ्यास



बिराटनगर । नेपाल प्रहरी र सशस्त्र प्रहरीका प्रहरी कर्मचारीहरुलाई संयुक्तरुपमा भीड नियन्त्रण अभ्यास गराईएको छ ।

शुक्रवार कोशी प्रदेश प्रहरी तालिम केन्द्र बिराटनगरको अभ्यास मैदानमा भएको भीड नियन्त्रण अभ्यासमा प्रदेश प्रहरी कार्यालय बिराटनगर, प्रदेश प्रहरी तालिम केन्द्र, प्रदेश प्रहरी गण रानी, नेपाल प्रहरी बिशेष सुरक्षा गण दुहवी, जिल्ला प्रहरी कार्यालय मोरङ तथा सशस्त्र प्रहरी बल नेपाल नं.३ गण हे.क्वा. कंकालिनि मोरङका प्रहरी अधिकृत तथा प्रहरी कर्मचारीहरुलाई स्थानिय प्रशासन ऐन २०२८ बमोजिम सिलसिलेवार बल प्रयोगको सिद्धान्त अनुसार भीड नियन्त्रण अभ्यास गराईएको थियो ।

आन्दोलन तथा बिरोधका क्रममा हुने भीडलाई मानव अधिकारको संरक्षण गर्दै भीड तितर बितर बनाई स्थिति सामान्य बनाउन प्रहरीलाई भीड नियन्त्रण अभ्यास गराईएको थियो ।

जिल्लामा शान्ति सुरक्षा सुव्यवस्था कायम गर्नको निमित्त दुवै संगठन एकै साथ परिचालन हुने भएको हुँदा भीड नियन्त्रणको लागि संयुक्त अभ्यास गरिएको थियो ।

## लागुऔषध ब्राऊनसुगर सहित झापावाट तीन जना पक्राउ

विराटनगर । लागुऔषध ब्राउन सुगर सहित झापाका विभिन्न ठाउँवाट ३ जनालाई प्रहरीले पक्राउ गरका छन् ।

लागुऔषध ओसार पसार भईरहेको भन्ने बिशेष सूचनाको आधारमा ईलाका प्रहरी कार्यालय काकडभिट्टा र लागुऔषध नियन्त्रण ब्युरो काकडबिट्टाबाट खटिएको प्रहरी टोलीले मे १० प ३८०७ नम्बरको स्कुटरमा भारतबाट नेपाल तर्फ आउँदै गरेका शिवसताक्षी नगरपालिका-१ का २४ बर्षीय प्रजन्त राई र नेपालगञ्ज उप-महानगरपालिका-६ घर भई बिर्तामोड-१ मा बस्दै आएका २१ बर्षीय सोहन भडेललाई ४ ग्राम लागुऔषध ब्राउनसुगर सहित मंगलवार पक्राउ गरेको थियो ।

त्यसैगरी बिशेष सूचनाको आधारमा प्रहरी चौकी बिर्ताबजारबाट खटिएको प्रहरी टोलीले चुलाचुली गाँउपालिका-४ ईलामका २७ बर्षीय सुरेश लिम्बुलाई १६ ग्राम ८०० मिलिग्राम लागुऔषध ब्राउन सुगर सहित बिर्ताबजार सडक खण्डबाट पक्राउ गरेको थियो ।

लागुऔषध सहित पक्राउ परेका तीनै जनाको सम्बन्धमा प्रहरीले थप अनुसन्धान गरिरहेको छ ।

# मधुमेह के हो ? कसरी बँच्ने ?

मधुमेह अर्थात डाइबेटिसलाई सामान्यभाषामा चिनिको रोग भन्ने गरिन्छ । रगतमा ग्लुकोजको मात्रा बढि भएपछि हुने रोग नै मधुमेह हो । प्यांक्रियाज नामक ग्रन्थिबाट उत्पादन हुन् । इन्सुलिन हर्मोनको अनियमितता हुदा मधुमेह हुन जान्छ ।

इन्सुलिनले चिनि अर्थात कार्बोहाइड्रेटलाई पचाउने काम गर्छ र रगतमा यसको मात्रा सन्तुलित र नियमित गर्ने गर्छ । तर जब इन्सुलिनको उत्पादन हुन छाड्छ रगतमा चिनिको मात्रा बढ्न थाल्छ । प्यांक्रियाजले प्रयाप्त इन्सुलिन उत्पादन नगर्दा वा सरिरले इन्सुलिनको उपयोग गर्न नसक्दा मधुमेह हुनजान्छ ।

रगत विना रक्तसंचार प्रणालीको कल्पना गर्न सकिदैन । पानी , रक्तकोष , विभिन्न लवण तथा रसायनहरुको समिश्रणबाट बनेको रगतमा तत् तत् पदार्थहरु निश्चित अनुपातमा रहेका हुन्छन् । यदि रगतमा भएका कुनै पनि पदार्थको मात्रा अर्थात गुणमा परिवर्तन भयो भने समग्र रक्तसंचार प्रणाली र सरिरको आन्तरिक कार्यसंचालनमा बाधा पुग्छ जान्छ ।

जिवन यापनमा आइरहेको परिवर्तन , विलासी जिवलशैली तथा भौतिक मेहेनतको कमीले मधुमेहका रोगी दिनानुदिन बढिरहेका छन् ।

विश्वमा करीब २२ करोड मानिस मधुमेह बाट प्रभावित रहेको र आगामी २०३० सम्ममा यो संख्या दोब्बर हुने विश्व स्वास्थ्य संगठनले जनाएको छ । नेपालमा पनि ४० वर्ष सम्म उमेर समुहका करीब १५ प्रतिशत मधुमेहबाट ग्रसित रहेको र सो उमेर समुहभन्दा माथिका करीब १९ प्रतिशतलाई मधुमेह लागेको बताइएको छ ।

ग्रामिण क्षेत्रमा भन्दा पनि सहरी क्षेत्रमा मधुमेह प्रमुख स्वास्थ्य समस्याको रुपमा रहेको छ । नेपालको ग्रामिण क्षेत्रमा जम्मा २ प्रतिशत व्यक्ति मधुमेहबाट प्रभावित भएका छन् ।

अमेरिकामा करीब १५ लाख मानिस मधुमेहबाट पिडित रहेको र बेलायतमा करीब १६ लाख मानिस लाई मधुमेह लागेको बताइएको छ । विश्वमा रोगबाट मर्नेहरु मध्ये ५ प्रतिशत मधुहेहका रोगी रहेका छन् । यदि तत्काल कुनै प्रभावकारी कदम नचालिएमा आउदो १० वर्षमा मधुमेहबाट ज्यान गुमाउनेको संख्या ५० प्रतिशतले बढ्ने विश्व स्वास्थ्य संगठनले जनाएको छ ।

सन् २००५ मा मात्रै करीब ११ लाख मानिसले यो रोगबाट ज्यान गुमाएका थिए र वर्षेनी सो संख्या बढिरहेको छ । मधुमेहका रोगी मध्ये करीब ८० प्रतिशत मध्यम र निम्न आय भएका मुलुकमा रहेको विश्व स्वास्थ्य संगठनले जनाएको छ । विगत ३० वर्षमा बालबालिकामा हुने मधुमेह तिन गुणाले बढेको बताइएको छ ।

मधुमेहको कारण

सरिरमा प्रयाप्त इन्सुलिनको उत्पादन नहुदा वा सरिरले इन्सुलिनको उपयोग गर्न नसक्दा रगतमा चिनिको मात्रा बढ्न गइ मधुमेह हुनजान्छ । जसका निम्न कारणहरु हुन्छन्ः

१. आनुवांशिक कारण , बाबु आमामा मधुमेह भएको खण्डमा छोराछोरीमा पनि सर्ने सम्भावना २० प्रतिशत रहेको चिकित्सक हरुले जनाएका छन् । तसर्थ अभिभावक बाट सन्तानमा मधुमेह सर्न सक्ने सम्भावना रहेको हुन्छ ।

२. बढि मोटो रहनु र आवश्यक भन्दा बढि तौल हुदा मधुमेह हुने सम्भावना बढि हुन्छ ।

३. भाइरसको संक्रमणः यो मधुमेहको प्रमुख कारक हो । प्यांक्रियाजको विटा कोश ( जसले इन्सुलिन उत्पादन गर्छ ) मा भाइरसको संक्रमण हुदा इन्सुलिनको उत्पादन हुन सक्दैन जसको कारण मधुमेह हुन जान्छ ।

४.व्यायामको कमी , अस्वस्थ आहार विहार , उच्च रक्तचाप र रगतमा बढि कोलेस्टेरोल हुनु पनि मधुमेहका कारक हुन् ।

मधुमेहका प्रकार

मधुमेह मुख्यतया तिन प्रकारका हुन्छन् ।

क. टाइप वान : यो सामान्यतया बालबालिकामा हुने गर्छ । जहा इन्सुलिनको उत्पादन सुन्य अर्थात अत्यन्त न्युन हुन्छ । रोगीलाई बचाउन कृत्रिम रुपमा इन्जेक्सनद्धारा इन्सुलिन दिनुपर्ने हुन्छ ।

ख. टाइप टुः यो सामान्यतया प्रौढ अवस्थामा हुने गर्छ र विश्वमा भएका मधुमेही मध्ये धेरै यही प्रकारको मधुमेहका रोगी रहेका छन् । यसमा प्यांक्रियाजले कम इन्सुलिन उत्पादन गर्छ र सरिरले पनि इन्सुलिनको ग्रहण गर्न असक्षम हुन्छ । उमेर बढ्दै जादा यो प्रकारको मधुमेहबाट व्यक्ति ग्रसित बन्ने गर्छन् ।

ग. जेस्टेसनल मधुमेहः गर्भबती महिलाहरुमा जुनैपनि बेला रगतमा चिनिको मात्रा उच्च हुनगइ मधुमेह हुनजान्छ । यस्तो प्रकारको मधुमेहलाई जेस्टेसनल मधुमेह भनिन्छ ।

मधुमेहका लक्षण

१. छिटो छिटो पिसाव लाग्ने र तिर्खालाग्ने, २. बढि भोक लाग्ने , आखा तिरमिराउने, ३. शरिरको वजन घट्ने , थकाइ महसुस हुने, ४. वाकवाकी लाग्ने, ५. लामो समयसम्म चोटपटक निको नहुने

५. हात खुट्टा झमझमाउनु , रिंगटा लाग्नु

मधुमेहका रोगीमा अन्धोपन हुनसक्ने सम्भावना अत्यधिक रहेको हुन्छ । करीब १५ वर्षसम्म मधुमेहबाट ग्रसित बनेको करीब २ प्रतिसत रोगीमा पुर्ण रुपमा दृष्टिविहिन हुने सम्भावना रहेको हुन्छ ।

रगतमा भएको अध्यधिक ग्लुकोजले आखाको रेटिनामा भएको रक्तनलीमा क्षति पुराउने गर्छ । मधुमेहले स्नायु प्रणालीको मुख्य अंग मस्तिष्कमा पनि क्षति पुराउन सक्छ ।

मधुमेहका रोगीमा मृगौलाको रोग हुने सम्भावना पनि अत्यधिक रहेको हुन्छ । मधुमेहका कारण मुटुका विभिन्न रोग देखिने समस्या धेरै रहेको हुन्छ । करीब ५० प्रतिशत मधुमेहका रोगी मुटु तथा नशा सम्बन्धी रोगका कारण मर्ने एक अध्ययनले देखाएको छ ।

मधुमेहको उपचार

मधुमेहको उपचार सम्भव छैन । यो रोगलागिसकेपछि रोगीको आयु बढाउने अर्थात् यो रोगको व्यवस्थापन गर्ने विकल्प मात्र बाकि रहन्छ ।

मधुमेहको व्यवस्थापन भनेकै रगतमा भएको चिनिको मात्रा घटाउनु हो र रक्तकोशमा क्षति पुराउने अन्य तत्वको निवारण गर्नु हो । जसको लागि निम्न उपाय अपनाउन सकिन्छ :

१. इन्सुलिनको मात्रा यथावत राखी रगतमा ग्लुकोजको मात्रा नियन्त्रण गर्न अस्पतालमा उपचार गरी खोपमार्फत नियमित इन्सुलिन लिने

२. रक्तचाप नियन्त्रण गर्ने, ३. खानामा विशेष ध्यान पुराउने , बढि कार्वोहाइड्रेट भएका खानेकुराको सेवन नगर्ने, ४. धुम्रपान र मध्यपान त्याग्ने, ५. बढि चिल्लो युक्त पदार्थको सेवन नगर्ने, ६. सन्तुलित र नियमित भोजन लिने , नियमित व्यायाम गर्ने । एजेन्सीको सहयोगमा


## हार्दिक अनुरोध

- सार्वजनिक स्थलमा छाडा चौपाया नछाडौ ।
- बालश्रमको प्रयोग नगरौं ।
- आफ्नो घर परिसरमा कम्तिमा २ वटा बहु वर्षीय रूख विरुवा रोपौं ।
- भूकम्प प्रतिरोधि घर निर्माण गरौ ।
- अनुमति लिएर मात्र पसल व्यवसाय संचालन गरौं र वार्षिक नविकरण गरौं ।
- धर्म, संस्कृतिको संरक्षण गरौं ।
- सार्वजनिक स्थलमा फोहर नफालौ । गाउँलाई सफा राखौ ।
- महिला हिंसा अन्त्यका लाग आ-आफ्नो ठाउँबाट काम गरौ ।
- जेष्ठ नागरिकहरूलाई उचित स्याहार सुसार सहित सम्मान गरौं ।

धनपालथान गाउँपालिकाको कार्यालय, कर्सिया मोरंग, प्रदेश १

NO SMOKING


## बिजुलीको पोलले किची एकको मृत्यु

सोलु । सोलुको महाकुलुङ गाउँपालिका-१ स्थितमा बिजुलीको पोलले किचेर एक जनाको मृत्यु भएको छ ।

गौरीशंखर हाईड्रोपावरका कर्मचारी सोताङ गाउँपालिका-३ का ३५ बर्षीय टीकाराम राई बिजुलीको पोलमा चढी तार काट्ने क्रममा बिजुलीको पोल ढलेर किच्दा राईको घटना स्थलमा नै मृत्यु भएको थियो ।

घटना स्थलमा जिल्ला प्रहरी कार्यालय सोलुबाट प्रहरी निरीक्षक समेतको टोली खटि गई कानुनि प्रकृया पुरा गरी प्राथमिक स्वास्थ्य केन्द्र सोताङमा पोष्टमार्टम पश्चात शव आफन्तलाई जिम्मा लगाएको थियो ।

घटना सम्बन्धमा थप अनुसन्धान भईरहेको जिल्ला प्रहरी कार्यालय सोलुले जनाएको छ ।




क्राईम अपरेशन
Crime Operation
साप्ताहिक

## प्रतिबन्धित लागुऔषध सहित आधा दर्जन मानिस पक्राउ

विराटनगर । झापा र सुनसरीको विभिन्न गाउँवाट प्रतिवन्धित लागुऔषध व्राउन सुगर सहित ६ जनालाई प्रहरीले पक्राउ गरका छन् ।

घटनाको विवरण अनुसार झापाको मेचीनगर नगरपालिका-५ स्थितबाट प्रतिबन्धित लागुऔषध ब्राउन सुगर सहित १ जना पक्राउ विहीवार पक्राउ गरेको थियो ।। इलाका प्रहरी कार्यालय नकलबन्दाबाट खटिएको प्रहरी टोलीले भारतबाट नेपाल तर्फ संकास्पद अवस्थामा पैदल आउदै गरेका लेटाङ नगरपालिका-३ मोरङका ४६ बर्षीय बिशाल शर्मालाई चेक जाँचको क्रममा लागुऔषध भेटिएको थियो ।

उनको साथबाट १० ग्राम ब्राउन सुगर र नगद २८ हजार ६ सय १५ नेपाली रुपैया समेत बरामद भए संगै पक्राउ गरिएको थियो ।

त्यसैगरी सुनसरीको ईटहरी उपमहानगरपालिका-४ मा रहेको एक चिया पसलबाट लागुऔषध ब्राउनसुगरको किनवेच भईरहेको भन्ने बिशेष सूचनाको आधारमा ईलाका प्रहरी कार्यालय ईटहरीबाट खटिएको प्रहरी टोलीले ईटहरी-९ का २३ बर्षीय बिनोद श्रेष्ठ र सुन्दरहरैचा नगरपालिका-६ मोरङका ३२ बर्षीय लक्ष्मी प्रसाद ढकाललाई ८ ग्राम लागुऔषध ब्राउनसुगर सहित बुधवार पक्राउ गरेको थियो ।

ईलाका प्रहरी कार्यालय काकडभिट्टा र लागुऔषध नियन्त्रण ब्युरो काकडभिट्टाबाट खटिएको प्रहरी टोलीले मेचीनगर-१० बाट स्थानीय २२ बर्षीय अशोक राजवंशीलाई १ ग्राम ब्राउनसुगर सहित पक्राउ गरिएको थियो ।

लागुऔषध ओसार पसार भईरहेको भन्ने बिशेष सूचनाको आधारमा ईलाका प्रहरी कार्यालय काकडभिट्टा र लागुऔषध नियन्त्रण ब्युरो काकडबिट्टाबाट खटिएको प्रहरी टोलीले मे १० प ३८०७ नम्बरको स्कुटरमा भारतबाट नेपाल तर्फ आउँदै गरेका शिवसताक्षी नगरपालिका-१ का २४ बर्षीय प्रजन्त राई र नेपालगञ्ज उप-महानगर पालिका-६ घर भई बिर्तामोड-१ मा बस्दै आएका २१ बर्षीय सोहन भडेललाई ४ ग्राम लागुऔषध ब्राउनसुगर सहित मंगलवार दिउँसो पक्राउ गरेको थियो ।

लागुऔषध सहित पक्राउ परेका ६ जनाको सम्बन्धमा सम्वन्धीत प्रहरी कार्यालयहरुले थप अनुसन्धान गरिरहेको छ ।

## भारत केरेलाको लुका सकरलाई हराएपछि विराटनगर सिटीलाई विराट गोल्डकपको उपाधी




विराटनगर । कोशी प्रदेशको राजधानी विराटनगरको सहिद रंगशालामा भएको रात्रीकालीन विराट गोल्डकपको उपाधी विराटनगर सिटी (बीसीएफ) ले हात पारेका छन् ।

सहिद रंगशालामा बिहीबार सम्पन्न भएको रात्रीकालीन गोल्डकपको फाइनलमा पाहुना टोली भारत केरलाको लुका सकर क्लबलाई ४-० गोलले हराउँदै ६ दशकपछि विराटनगरले उपाधि जितेको हो ।

विराटनगर सिटीले उपाधिसँगै नगद २० लाख १५ हजार रुपैयाँ हात पारेको छ भने उपबिजेता केरलाले १० लाख १५ हजारमा चित्त बझाएको थियो । जितको लागि विराटनगर सिटीका अफिज ओलावाले, विमल घर्तीमगर, मेसुके र अभिषेक गुरूङले गोल गरेका थिएरु।

वि.स २०१८ सालको महेन्द्र गोल्डकपको पहिलो संस्करणमा तत्कालीन आयोजक मोरङ ११ उपविजेता र एलेभेन ज्वेल्स कोलाकाता विजेता बनेको थियोरु। २०१९ सालमा आयोजक मोरङ ११ ले उपाधि जित्दा कोलकाता उपविजेता भएको थियोरु।

फाइनलको म्यान अफ द म्याच विराटनगर सिटीका सुरज बिके घोषित भएका थिएरु। उनले नगद ११ हजार नगद हात पारेका थिए । फाइनलमा विधागत रुपको पुरस्कारमा पनि विराटनगर सिटीको बर्चस्व कयम रह्योरु। बेस्ट प्लेयर अफ द टुर्नामेन्ट विराटनगर सिटीका मेसुके घोषित भएका थिए ।

त्यसैगरी फेयर प्लेर अफ द टुर्नामेन्ट जावलाखेल युथ क्लब घोषित भएको थियोरु। हाइस्कोरर विराटनगर सिटीका अभिषेक गुरूङ भएका थिए रु। उनले खेल अवधिभरी दुई गोल गरेका थिएरु । बेस्ट फरवार्ड भारतको चार्ल्स क्युराको, बेस्ट मिल्डफिल्डर विराटनगर सिटीका युता सुजुकी, बेस्ट गोल किपर विराटनगर सिटीका विशाल श्रेष्ठ घोषित भएका थिए रु। बेस्ट डिफेन्डर विराटनगरका देवेन्द्र तामाङ घोषित भएरु। बेस्ट कोचमा विराटनगर सिटीका सन्तोष न्यौपाने भएका थिए रु। विधागत रुपमा अवार्ड पाउनेहरूलाई जनही २५/२५ हजारको चेक आयोजकले हस्तान्तरण गरका थिए ।

प्रतियोगितामा बिजेता हुने टिमलाई पुरस्कार कार्यक्रमका प्रमुख अतिथि एन्फाका अध्यक्ष पंकज बिक्रम नेम्वाङ्ग, उद्योग वाणिज्य महासंघ प्रदेश अध्यक्ष राजेन्द्र राउत विराट गोल्डकपको आयोजक समितिको संयोजक तथा विराटनगर महागनरपालिका प्रमुख नागेश कोइरला, विराट गोल्डकप ट्रष्टका अध्यक्ष सन्तोष बानिया लगायतले खेलाडीहरुलाइ पुरस्कार तथा अतिथीहरुलाई मायाको चिनो वितरण गरको थियो ।

## भरुवा बन्दुकको प्रहारबाट एकजनाको मृत्यु एक पक्राउ

ताप्लेजुङ्ग । ताप्लेजुङको आठराई त्रिवेणी गाउँपालिका-३ का ५८ बर्षीय ललित गुरुङको भरुवा बन्दुकको प्रहारबाट मृत्यु भएको छ ।

सोमवार राती ललित गुरुङ र ५२ बर्षीय बिर बहादुर गुरुङ स्थानीय कालिदह जंगलमा भरुवा बन्दुक बोकेर शिकार खेल्न गएकोमा रातको समयमा जंगली जनावर जस्तो देखि बिर बहादुर गुरुङले भरुवा बन्दुक चलाउदा ललित गुरुङलाई लागेको र गुरुङको घटनास्थलमा नै मृत्यु भएको भन्ने खबर प्राप्त भएसंगै प्रहरी चौकी हाङपाङबाट खटिएको प्रहरी टोलीले भरुवा बन्दुक सहित बिर बहादुरलाई नियन्त्रणमा लिएको थियो ।

ईलाका प्रहरी कार्यालय दोभानबाट प्रहरी टोलीले खटि गई घटना सम्बन्धमा थप अनुसन्धान भईरहेको जिल्ला प्रहरी कार्यालय ताप्लेजुङले जनाएको छ ।

## विभिन्न अन्तराष्ट्रिय च्यापटरहरूमा अहिन्सा दौड

विराटनगर चैत १७ गते । जैन अन्तराष्ट्रिय व्यापर संगठनद्धारा विभिन्न अन्तराष्ट्रिय च्यापटरका शहरहरुमा शनिवार अर्थात अप्रिल १ तारेखका दिन अहिन्सा दौड प्रतियोगिता हुँदैछ ।

सोही अवसर पारेर शनिवार १० किलो मिटर, ५ किलो मिटर र ३ किलो मिटर अहिन्सा दौड प्रतियोगिता गर्ने कुरा पत्रकार सम्मेलन गरी जीतो महिला विंग विराटनगर शाखाकी अध्यक्ष सन्तोष जैनले पत्रकार सम्मेलन गरी जानकारी गराए ।

उक्त दौड प्रतियोगितामा करीब ५ सय महिला पुरुषहरुले भाग लिने भएको छ । १० किलो मिटर दौड प्रतियोगितामा प्रथम हुनेलाई २१ हजार, द्धितीय हुनेलाई १५ हजार र तृतीय हुनेलाई ११ हजार राशीको नगद पुरस्कार प्रदान गरिनेछ । त्यसैगरी ५ किलोमिटर अहिन्सा दौड प्रतियोगितामा प्रथम हुनेलाई ११ हजार, द्धितीय हुनेलाई ७ हजार र तृतीय हुनेलाई ५ हजार राशीको नगद राशीको पुरस्कार प्रदान गरिने छ भने ३ किलोमिटर दौड प्रतियोगितमा समेत प्रथम, द्धितीय र तृतीय हुनेलाई पुरस्कार प्रदान गरिने जैनले वताए । अहिन्सा दौड प्रतियोगितामा करीब ७ लाख खर्च लाग्ने भएको छ ।

जैन अन्तर्राष्ट्रिय व्यापार संगठन (जितो) नैतिक व्यापार अभ्यासहरुको महिमा झल्काउने जैन व्यापारी, उद्योगपति, ज्ञानकर्मी र पेशेवरहरूको विश्वव्यापी संस्था रहेको छ। सामाजिक-आर्थिक सशक्तिकरण, मूल्यमा आधारित शिक्षा, सामुदायिक कल्याण, करुणाको प्रशिक्षण, र विश्वव्यापी मित्रता मार्फत सँगी प्राणीहरूको उत्थान हासिल गर्न गठन गरिएको छ । आपसी अन्तरक्रिया मार्फत, जितो ले योजना बनाउन, रणनीति बनाउन र सामाजिक र व्यापार सञ्जालका लागि बाटो खोल्न नेटवर्क स्थापना गर्न उदेश्य रहको छ । यो सन् २००७ देखि अस्तित्वमा छ ।

जितोको विविधता र समावेशी संस्कृतिको एक भागको रूपमा, जितो लेडीज विंग गठन र जितोको एक अभिन्न अंग हो जहाँ महिला केन्द्रित पहलहरु विश्वभर संचालित हुन्छन् ।

अहिंसा रन पछाडिको उद्देश्य अहिंसाका सिद्धान्तहरूको वरिपरि जागरुकता ल्याउनु हो । अहिंसा एक प्राचीन आध्यात्मिक अवधारणा हो जुन सबै प्रकारका हिंसाबाट बच्न र सबै जीवित प्राणीहरुलाई सम्मान गर्ने वरिपरि केन्द्रित छ ।

एउटै म्याराथनमा अधिकतम धावक/सहभागीहरू सहित, एकै दिन, धेरै स्थानहरूमा यस कार्यक्रमलाई 'गिनिज बुक अफ वल्ड रेकर्ड" र "लिम्का बुक अफ रेकर्डस मा लेखे लक्ष्य राखेको जैनले वताए ।


## हार्दिक अनुरोध

- सार्वजनिक स्थळमा छाडा चौपाया नछाडौ ।
- बाळश्रमको प्रयोग नगरौं ।
- आफ्नो घर परिसरमा कम्तिमा २ वटा बहु वर्षीय रुख विरुवा रोपौं ।
- भूकम्प प्रतिरोधि घर निर्माण गरौ ।
- अनुमति लिएर मात्र पसल व्यवसाय संचाळन गरौं र वार्षिक नविकरण गरौं ।
- धर्म, संस्कृतिको संरक्षण गरौं ।
- सार्वजनिक स्थळमा फोहर नफाळौ । गाउँळाई सफा राखौ ।
- महिळा हिंसा अन्त्यका ळाग आ-आफ्नो ठाउँबाट काम गरौ ।
- जेष्ठ नागरिकहरूळाई उचित स्याहार सुसार सहित सम्मान गरौं ।

जहदा गाउँपालिकाको कार्यालय मझारे, मोरंग, प्रदेश १





# प्रतिबन्धित लागुऔषध गाँजा सहित पाँच पक्राउ



विराटनगर। मोरङको रंगेली नगरपालिका-२ र ३ स्थितबाट ठुलो परिमाणमा लागुऔषध गाँजा सहित ५ जनालाई प्रहरीले पक्राउ गरेको छ।

पक्राउ पर्नेमा भारत अररिया ठिङ्गापुरका २९ बर्षीय दिपक झा, अररिया हाँसाका ३० बर्षीय सिन्टुक कुमार सिंह, भारत कुटहराका २४ बर्षीय प्रबिण पासवान, २४ बर्षीय बिष्णु कान्त मिश्र र रंगेली-३ का ४६ बर्षीय बिर बहादुर कार्की रहेका छन।

सोमवार इलाका प्रहरी कार्यालय रंगेली र प्रहरी चौकी अमाही बरियातीबाट गस्तिमा खटिएको प्रहरी टोलीले रंगेली-२ स्थितमा संकास्पद अवस्थामा हिडिरहेका झा र सिंहले बोकेको झोला चेक जाँच गर्ने क्रममा १ सय ५० किलोग्राम गाँजा बरामद भए संगै उनिहरुलाई पक्राउ गरेको थियो।

पक्राउ परेका दुबै जनालाई अनुसन्धान गर्ने क्रममा रंगेली-३ का बिर बहादुर कार्कीको घर पछाडि परालमा लुकाई छिपाई राखेको अवस्थामा ८४ किलो ग्राम गाँजा बरामद भए संगै संलग्न रहेका कार्की, पासवान र मिश्रलाई समेत पक्राउ गरेको थियो।

लागुऔषध गाँजा सहित पक्राउ परेका उनिहरुको इलाका प्रहरी कार्यालय रंगेलीबाट थप अनुसन्धान भईरहेको छ।

# लागुऔषध ब्राउन सुगर सहित दुई जना पक्राउ

विराटनगर। मोरंग र झाको दुई स्थानवाट दुईजनालाई प्रतिवन्धित लागुऔषध ब्राउन सुगर सहित दुई जनालाई प्रहरीले पक्राउ गरेका छन्।

लागुऔषध नियन्त्रण ब्युरो बिराटनगरको प्रहरी टोलीले संकास्पद अवस्थामा भारत जोगवनीबाट नेपाल तर्फ पैदल आउदै गरेका धरान-१५ का २३ बर्षीय गोपाल बि.क.लाई चेकजाँच गर्ने क्रममा उनको साथबाट २ ग्राम ९६ ग्राम ब्राउन सुगर बरामद गरेको थियो।

त्यसैगरी बिशेष सूचनाको आधारमा प्रहरी चौकी बिर्ताबजारबाट खटिएको प्रहरी टोलीले चुलाचुली गाँउपालिका-४ ईलामका २७ बर्षीय सुरेश लिम्बुलाई १६ ग्राम ८०० मिलिग्राम लागुऔषध ब्राउनसुगर सहित बिर्ताबजार सडक खण्डबाट पक्राउ गरेको थियो।

लागुऔषध सहित पक्राउ परेका लिम्बु र विकको सम्बन्धमा सम्वन्धित प्रहरी कार्यालयवाट थप अनुसन्धान भईरहेको छ

NO SMOKING


## हार्दिक अनुरोध

- सार्वजनिक स्थळमा छाडा चौपाया नछाडौ।
- बाळश्रमको प्रयोग नगरौं।
- आफ्नो घर परिसरमा कम्तिमा २ वटा बहु वर्षीय रुख विरुवा रोपौं।
- भूकम्प प्रतिरोधि घर निर्माण गरौ।
- अनुमति लिएर मात्र पसळ व्यवसाय संचाळन गरौं र वार्षिक नविकरण गरौं।
- धर्म, संस्कृतिको संरक्षण गरौं।
- सार्वजनिक स्थळमा फोहर नफाळौ। गाउँळाई सफा राखौ।
- महिळा हिंसा अन्त्यका ळाग आ-आफ्नो ठाउँबाट काम गरौ।
- जेष्ठ नागरिकहरुळाई उचित व्याहार सुसार सहित सम्मान गरौं।

ग्रामथान गाउँपालिकाको कार्यालय, मोरंग, प्रदेश १


# महासंघको ६८ औं स्थापना दिवसको अवसरमा सूचनाको अधिकार पुरस्कारबाट दाहाल र अधिकारी पुरस्कृत



विराटनगर। नेपाल पत्रकार महासंघको ६८ औं स्थापना दिवसको अवसरमा संविधानविद् काशीराज दाहाल र पत्रकार हरि अधिकारीलाई षष्टीका बस्नेत सूचनाको अधिकार पुरस्कारबाट पुरस्कृत गरिएको छ।

नेपाल पत्रकार महासंघ मोरङले स्थापना गरेको षष्टीका बस्नेत सूचनाको अधिकार पुरस्कारबाट संविधानविद् दाहाललाई ५१ हजार ५१ रुपियाँ नगद र षष्टीका बस्नेत सूचनाको अधिकार प्रोत्साहन पुरस्कारबाट अधिकारी १५ हजार ५१ रुपियाँ नगद सहित विहीवार पुरस्कृत गरिएको थियो।

कोशी प्रदेशका प्रदेश प्रमुख पर्शुराम खापुङले दाहाल र अधिकारीलाई पुरस्कार वितरण गरे। त्यस अवसरमा खापुङले पत्रकारिता क्षेत्र समाजको ऐना भएको बताए। 'नागरिकको अधिकार रक्षा गर्ने जिम्मेवारीमा खटिने पत्रकार समाज विकासका आधार हुन्,' उनले भने।

पुरस्कृत व्यक्तित्व तथा संविधानविद् दाहालले राष्ट्रिय संचार नीति पनि लागू भएपनि यसका केही व्यवस्था लागू गर्न अझै काम गर्न जरुरी भएको सुनाए। 'राष्ट्रिय संचार प्राधिकरण पनि महत्वपूर्ण छ। संचार क्षेत्रमा पनि नयाँ व्यवसायिक ढंगले पनि नयाँ व्यक्तिहरू आउने क्रममा छन्,' उनले भने, 'कतिपय चुनौती पनि देखिन्छन्। प्रजातन्त्र नमरोस् भन्नेमा राजनीतिक दल सचेत हुनुपर्छ।' उनले पारदर्शिता भएन भने लोकतन्त्र सजीव हुन नसक्ने बताए। निर्वाचन प्रणालीमा परिमार्जन गर्न जरुरी रहेको उनले बताए। 'सक्षम मानिस उठ्न नसक्ने अवस्था हुदैछ। संसद प्रभावकारी नभएपछि सरकार बलियो हुन सक्तैन,' उनले भने। न्यायपरिषद्को संरचना पनि सुधार गरिनुपर्ने बताउँदै उनले संवैधानिक सुनुवाई पनि प्रभावकारी हुन पर्नेमा जोड दिएका थिए।

राष्ट्रिय सूचना आयोगका प्रमुख सूचना आयुक्त महेन्द्रमान गुरुङले सूचनाको हक आफैंमा महत्वपूर्ण भएको बताउँदै धेरै निकायले दुःख दिन आएको जसरी व्यवहार गर्ने गरेको बताए। उनले भने,'सूचना दिनु धेरै कार्यबोझ भएको भन्ने ढंगले बुझ्न हुँदैन।' सूचना माग्ने र दिने क्रम बढ्नुपर्ने गुरुङले बताए। पछिल्ला वर्षहरूमा सूचना उपलब्ध नगराउनेलाई कारवाही गर्ने क्रम बढेको पनि बताए।

सो कार्यक्रम नेपाल पत्रकार महासंघ मोरंगका अध्यक्ष संजीव खनालको अध्यक्षतामा सम्पन्न भएको थियो।

## समानुपातिक...

दलका नेताहरुले बन्द सूची अनुसारको गोप्य सूची निर्वाचन आयोगमा चुनावअघि नै बुझाउने गरेका छन्। समानुपातिक उमेदवार छान्ने प्रतिशत पनि अमिल्दो र अन्यायपूर्ण छ।

निर्वाचन आयोगले जनजातिबाट २७ प्रतिशत, खसआर्यबाट ३१.२ प्रतिशत, थारुबाट ६.६ प्रतिशत, दलितबाट १३.८ प्रतिशत, मधेसीबाट १५.३ प्रतिशत, मुस्लिमबाट ४.४ प्रतिशत र पिछडिएको क्षेत्रबाट ४.३ प्रतिशत प्रतिनिधित्व हुनेगरी सूची निर्धारण गरिएको छ।

जनजातिबाट २८.७ प्रतिशत राखिएको छ तर कुन कुन जातिहरुलाई जनजाति मानिएको त्यो स्पष्ट छैन। जनजाति पहाडमात्र होइन तराईमा पनि छन् तर त्यसलाई छुट्याइएको छैन। तराईका जनजातिलाई मधेसी कोटामै राखिएको छ। त्यस्तै खसआर्यमा बाह्मण, क्षेत्री, दशनामीजस्ता जातहरु छन्। ती सबैलाई भागबन्डा लगाएको छ। एकलै खसआर्यले ३१.२ प्रतिशत समानुपातिक सिट पाउनु पक्षपातपूर्ण देखिएको छ।

दलितबाट १३.८ प्रतिशत भनेको छ। दलित भन्नाले पहाडकालाई मात्र बुझिन्छ। तराईका मुसहर, चमार, दुसाध, डोमहरुलाई दलितमा गनिदैन।

तिनीहरुलाई मधेसी कोटामा राखी शोषण गरिएको छ। उता मधेसीबाट १५.३ प्रतिशतमात्र समानुपातिकमा लिइने भनिएको छ जुन अवैज्ञानिकमात्र होइन पक्षपातपूर्ण हो।

मधेसीमा कुन कुन जाति आउँछन् त्यसको सूची तयार गरिएको छैन। मधेसी शब्दको संविधानमा न परिभाषा गरिएको छ न व्याख्या गरिएको छ।

मधेसीमा ब्राह्मण, क्षत्री ( राजपुत), देव, कायस्थ, भूमिहार जस्ता उच्च तागाधारी जाति पनि आउँछन् भने मुसहर, चमार, दुसाध, डोमजस्ता दलित पनि आउँछन्।

सम्पन्न, शिक्षित र चतुर मधेसी उच्च जातिले समानुपातिक कोटामा सजिलै मौका पाउँछन् भने मधेसका दलितले मौका पाउँदैनन्। अहिलेसम्म मधेसका दलितले समानुपातिकमा मौका पाएका छैनन्।

मधेसका उच्च र दलित जातिलाई एउटै डालोमा राखेर ठूलो अन्याय गरिएको छ। त्यस्तै मुस्लिमबाट ४.४ प्रतिशत भनिएको छ। मुस्लिम मधेसमा पनि छन् पहाडमा पनि छन्।

कहाँको मुस्लिमलाई प्राथमिकता दिइने स्पष्ट छैन। पिछडिएका क्षेत्रको स्थान किटिएको छैन। कुन र कस्तो क्षेत्रलाई कुन आधारमा आर्थिक, सामाजिकरुपमा परिभाषित गरिएको छैन।

यसरी अवैज्ञानिक, अपरिभाषित र पक्षपातपूर्ण समानुपातिक प्रणालीमा सुधारको अत्यन्त आवश्यकता छ। यसतर्फ सम्बन्धित सबै निकायको ध्यान जानु आवश्यक छ। १२ खरीवाट


